# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७८

## फतुवा विजयपुर नगरपालिका,
## रौतहट




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रदेश नं. १ र प्रदेश नं. २ लेखापरीक्षण महानिर्देशनालय

पत्र संख्याः २०७८।७९
च. नं. २०८

मितिः २०७८।०५।०४

श्री प्रमुखज्यू,
फतुवा विजयपुर नगरपालिका,
नगरकार्यपालिकाकको कार्यालय,
रौतहट ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखपारीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ को प्रयोजनको लागि अनुरोध छ ।

..................
(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७८ भाद्र ४ गते

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रदेश नं. १ र प्रदेश नं. २ लेखापरीक्षण महानिर्देशनालय

पत्र संख्याः २०७८।७९
च. नं. २०७ मितिः २०७८।०५।०४

श्री प्रमुखज्यू,
फतुवा विजयपुर नगरपालिका,
नगरकार्यपालिकाकको कार्यालय,
रौतहट ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले फतुवा विजयपुर नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससंग सम्बन्धित आय ब्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससंग सम्बन्धित आय ब्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।०४।२५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना बाह्र ( १२) यसैसाथ संलग्न छ ।
३. लेखापरीक्षणबाट रु. ६ करोड ५६ लाख ८१ ३हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १५ लाख ५५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १ करोड ७६ लाख ६० हजार, नियमित गर्नुपर्ने रु. १५ लाख ६५ हजार र पेश्की बाँकी रु. ४ करोड ४९ लाख १ हजार रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकी नहुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

नेत्र कुमार खत्री
नायब महालेखापरीक

**फतुवा विजयपुर नगरपालिका**
**लेखापरिक्षण प्रतिवेदन**
**आर्थिक वर्ष : २०७५।०७६**

| दफा नं. | भौ.न. मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय लोकतन्त्र स्थापना गरी जनतासम्म लाभ पुर्याउने समानुपाति समावेशी र न्यायोचित वितरणद्धारा कानुन राज्य र दिगो विकासको अवधारण अनुरुप ३ तहको सरकार विचको सहकारिता सहअस्तित्व र समन्वय प्रवर्धन गरी उत्तरदायित्व र जिम्मेवारीको पारदर्शिता निश्चिता गरी सुलभ र गुणस्तरीय सेवा प्रदान गर्न २०७३ मा यो नगरपालिकाको स्थापना भएको हो । रौतहट जिल्ला स्थिति ३६,५३३ जनसंख्या भएको यो नगरपालिका ६५.२४ वर्ग कि.मी फैलिएको स्थानलाई ११ वाडमा विभाजन गरिएको, नगरपालिका प्रदेश नं. दुई मा अवस्थित छ । | |
| | **आर्थिक वर्ष २०७५।७६ को एकीकृत आय-व्ययको विवरण हिसावको संक्षिप्त अवस्था देहाय बमोजिम छ ।** | |

| आय | | | व्यय | |
|---|---|---|---|---|
| **क.स** | **विवरण नाम** | **रकम रु.** | **विवरण नाम** | **रकम रु.** |
| | **गत आ.व.को मौज्दात** | **३५१५५६२१.५८** | | |
| | संचित कोष खाता **३५१५५६२१.५८** | | | |
| | | | आन्तिक चालु र पुजि | ५०८९५२८७.५६ |
| १. | खेलकुद विकास कार्यकम | १०००००.०० | खेलकुद विकास कार्यकम | १०००००.०० |
| २. | सबैको लागी शिक्षा आधारभुत र माध्यमिक तह | ४६७६८०००.०० | सबैको लागी शिक्षा आधारभुत र माध्यमिक तह | ४६७६८०००.०० |
| ३. | विद्यालय क्षेत्र विकास कार्यकम जिल्लास्तर | २३८८४०००.०० | विद्यालय क्षेत्रविकास कार्यकम जिल्लास्तर | २३८८४०००.०० |
| ४. | सबैका लागि शिक्षा शिशु विकास | ६६०००.०० | सबैका लागि शिक्षा शिशु विकास | ६६०००.०० |
| ५. | विद्यालय क्षेत्र विकास कार्यक्रम अन्यस्तर | ८५७५०००.०० | विद्यालय क्षेत्र विकास कार्यक्रम अन्यस्तर | ८५७५०००.०० |
| ६. | शिक्षा तथा मानव श्रोत विकास अन्य | ६००००.०० | शिक्षा तथा मानव श्रोत विकास अन्य | ६००००.०० |
| ७. | वातावरणीय सरसफाई कार्यक्रम | ५९०००.०० | वातावरणीय सरसफाई कार्यक्रम | ५९०००.०० |
| ८. | प्राथमिक स्वास्थ्य सेवा र जनस्वास्थ्य कार्यलय र स्वास्थ्य अन्य र चौकि तथा उपचौकिहरु | १३८२८०००.०० | प्राथमिक स्वास्थ्य सेवा र जनस्वास्थय कार्यलय र स्वास्थ्य अन्य रचौकि तथा उपचौकिहरु | १३८२८०००.०० |
| ९. | एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रम | ५०८३०००.०० | एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रम | ५०८३०००.०० |
| १०. | राष्ट्रिय स्वास्थ्य शिक्षा सुचना तथा सञ्चार अन्य | १०००००.०० | राष्ट्रिय स्वास्थ्य शिक्षा सुचना सञ्चार अन्य | १०००००.०० |
| ११. | क्षयरोग नियन्त्रण | १०५०००.०० | क्षयरोग नियन्त्रण | १०५०००.०० |
| १२. | सहकारी खेती, साना सिचाई तथा मल विउ कार्यक्रम | ५४००००.०० | सहकारी खेती,साना सिचाई तथा मल विउ कार्यक्रम | ५४००००.०० |
| १३. | माटो परीक्षण तथा सुधार सेवा कार्यकम | ५००००.०० | माटो परीक्षण तथा सुधार सेवा कार्यक्रम | ५००००.०० |
| १४. | पशु स्वास्थ्य रोग अन्वेशण तथा क्वारेन्टाईन कार्यकम | ६६०००.०० | पशु स्वास्थ्य रोग अन्वेशण तथा क्वारेन्टाईन कार्यकम | ६६०००.०० |
| १५. | पशु विकास सेवा कार्यकम | ५०००००.०० | पशु विकास सेवा कार्यकम | ५०००००.०० |
| १६. | पशु सेवा विभाग | ५९१०००.०० | पशुसेवा विभाग | ५९१०००.०० |
| १७. | पशु आहार सेवा | २५००००.०० | पशु आधार सेवा | २५००००.०० |
| १८. | कृषि भूमी व्यवस्था तथा सहकारी मन्त्रालय | २८५४०००.०० | कृषि भूमी व्यवस्था तथा सहकारी मन्त्रालय | २८५४०००.०० |
| १९. | बाली विकास | २०००००.०० | बाली विकास | २०००००.०० |
| २०. | समाज कल्याण कार्यक्रम/जेष्ठ नागरीक कार्यक्रम समेत | १३००००.०० | समाज कल्याण कार्यक्रम । जेष्ठ नागरीक कार्यक्रम समेत | १३००००.०० |
| २१. | बाल कल्याण कार्यकम | ५३०००.०० | बाल कल्याण कार्यकम | ५३०००.०० |
| २२. | महिला बिकास कार्यकम र महिला जागृतिकार्यकम समेत | ५५१०००.०० | महिला बिकास कार्यकम र महिला जागृतिकार्यकम समेत | ५५१०००.०० |
| २३. | राष्टिय ग्रामिण तथा नविकरणीय | १४६८०००.०० | राष्टिय ग्रामिण तथा नविकरणीय | १४६८०००.०० |

| | | | | |
|---|---|---|---|---|
| | उर्जा कार्यकम | | उर्जा कार्यकम | |
| २४. | सामुदायिक वन | १००००००.०० | सामुदायिक वन | १००००००.०० |
| २५. | वित्तिय समानिकरण -अन्य) | ११४००००००.०० | वित्तिय समानिकरण -अन्य) | १०८४५५९०९.९३ |
| २६. | राजस्व वाँडफाँड -अन्य) | ६०८७०८१९.९३ | राजस्व वाँडफाँड -केन्द्रिय) | ६०८७०८१९.९३ |
| २७. | प्रदेश तथा स्थानीय क्षमता विकास | ३०५०००.०० | प्रदेश तथा स्थानीय क्षमता विकास | ३०५०००.०० |
| २८. | वित्तीय समानिकरण प्रदेश | २९४४०००.०० | वित्तीय समानिकरण प्रदेश | २९४४०००.०० |
| २९. | सशर्त अनुदान प्रदेश | ३३०००००.०० | सशर्त अनुदान प्रदेश | ३३०००००.०० |
| ३०. | राजस्व वाँडफाँड -प्रदेश) | ३०४२०००.०० | राजस्व वाँडफाँड -प्रदेश) | ३०४२०००.०० |
| ३१. | प्रधानमन्त्री रोजगार कार्यकम | ५२७०००.०० | प्रधानमन्त्री रोजगार कार्यकम | ४९८५३४.०० |
| ३२. | राष्ट्रपति चुरे संरक्षण विकास समिति | १५००००.०० | राष्ट्रपति चुरे संरक्षण विकास समिति | १५००००.०० |
| ३३. | बहुक्षेत्रीय पोषण | १४१७०००.०० | बहुक्षेत्रीय पोषण | १४१७०००.०० |
| ३४. | जेष्ठ नागरिक दीर्घ सेवा सम्मान सामाजिक सुरक्षा भत्ता | ७२२२५०००.०० | जेष्ठ नागरिक दीर्घ सेवा सम्मान सामाजिक सुरक्षा भत्ता | ७२२२५०००.०० |
| ३५. | आन्तरिक आय अन्य -मालपोत रजिष्ट्रेशन) | ८४४६७६८.६० | आन्तरिक आय -मालपोत रजिष्ट्रेशन) | ० |
| ३६. | आन्तरिक आय कर, दस्तुर सेवा शुल्क, विक्री | ७५६८०८२.३५ | आन्तरिक आय कर, दस्तुर सेवा शुल्क, विक्री | १३८६५.९७ |
| ३७. | सडक वोर्ड | ७४९९३९.०० | सडक वोर्ड | ७४९९३९.०० |
| ३८. | युनिसेफ किशोरी शिक्षा | ६९८०००.०० | युनिसेफ किशोरी शिक्षा | ५७८०१२.०० |
| ३९. | धरौटी | १७१०४३२.०० | धरौटी फिर्ता | १६०२७३२.०० |
| | | | **मौज्दात** | **६०६१५६३.०७** |
| | | | संचित कोष खाता ५९,५३,८६३।०७ | |
| | | | धरौटी १,०७,०००।– | |
| | **जम्मा:** | ४१९०९०६६३.४६ | **जम्मा:** | ४१९०९०६६३.४६ |

**मिति २०७७/४/२५ को लेखापरीणको प्रारम्भिक प्रतिवेदन पश्चात रु.२४२०२६ असुली भई संचित कोष दाखिला भएको छ ।**

१. **परिषद र खर्च कार्यविधिः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा नगरसभावाट बजेट कार्यक्रम र योजना र आय अनुमान स्वीकृत गरी प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यावस्था छ । यो पालिकाले २०७५।१२।२७ गते नगरपरिषदवाट वार्षिक वजेट र कार्यक्रम स्वीकृत गरी प्रमुख प्रशासकिय अधिकृतलाई मिति २०७५।१२।२८ मा खर्च गर्ने अख्तियारी दिएको पाइयो । परिषद ढिला भएकोले अख्तियारी ढिलाई हुने गरेको छ।

२. **स्थानीय संचित कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ बमोजिम विभाज्य र अभिभाज्य कोषको अवस्था देखिने गरी आर्थिक विवरण तयार गर्नुपर्छ । पालिकाको एकीकृत आर्थिक विवरणमा स्पष्ट रुपमा देखिएन । प्राप्त एकीकृत आर्थिक विवरणमा पालिकाको रु.३,५१,५५,६२१।५८ मौज्दात जिम्मेवारी र यो वर्षको आय रु.३८,३९,३५,०४१।४२ समेत रु.४१९०९०६६३।०० आय भई रु.४१,३०,१४,८३४।४२ गरी रु.६०,७५,८२९।०४ मौज्दात बाँकी रहेको हिसाब पेश भएको छ । सञ्चित कोषको समग्र हिसाव देखिने अवस्था नभएकोले कोषले यथार्थ चित्रण गरेको देखिएन ।

३. **कार्यक्रम तर्जुमाः** स्थानीय सरकार संञ्चालन ऐन, २०७४ दफा ६७ मा बजेट तर्जुमा समिति गठन गरी, नीति तथा कार्यक्रमको प्राथमिकीकरण गरी विषय क्षेत्रगत कार्यक्रम दोहोरो हुन नदिन र तादम्यता र परिपुरकता मिलाउने व्यवस्था छ । छनोट भएको योजना वितरणमुखी प्राकृतिको देखिन्छ । ग्यास वितरण, सेनीटरी प्याड वितरण, सुरक्षा निकायको भवन मर्मत, पर्खाल मर्मत सडक स्तरोउन्नती ढलान, सीपमूलक तालिम जस्ता विनियोजन देखिदा गरिवी निवारण गर्ने पूर्वाधार प्राथमिकता गरिवी र रोजगारी प्रर्वधन गर्ने खालको योजना संञ्चालन गरेको देखिएन । पालिकाको योजना लाभग्राहीबाट संञ्चालन गर्दा हुने रोजगारी सिर्जना समेत आकलन गरेको देखिएन ।

४. **तथ्याङक र अभिलेखः** स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा ११ मा पालिका भित्रको तथ्यांक संकलन अभिलेख व्यावस्थापन गर्नुपर्ने व्यवस्था छ । पालिकाले शिक्षक कर्मचारी,

| | | |
|---|---|---|
| | विद्यालय, विद्यार्थी, स्वास्थ्यको महामारी रोगको प्रकृति र उपचार, पूर्वाधारमा खानेपानी सडक विधूत र सूचना संञ्चारको विकासको अवस्था मूलश्रोत कृषी व्यापार उद्योग साथै वेरोजगार र वैदेशिक रोजगारको देखिने अभिलेख EMIS सुचना प्रणालीको अभावले प्राथमिकतामा योजना छनौट भएको अवस्था देखिएन । | |
| ५. | **लक्ष्य प्रगतिः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति समीक्षा गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट संचालित योजनाको प्रगति वनाई सार्वजनिक सुनुवाई गरी प्रगति पारदर्शिता नहुँदा सार्वजनिक सुनुवाई गर्नुपर्दछ । | |
| ६. | **सम्पत्ति सरक्षणः** स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा १०४ मा विषयगत निकाय र पालिकाको चल अचल सम्पत्ति र दायित्वको अभिलेख सम्पत्ति हस्तान्तरण गरी संरक्षण गर्नुपर्ने व्यावस्था छ । पालिकाले सम्पतिको अभिलेख र जिन्सी लगत लेखापरीक्षण अवधिसम्म अधावधिक गरेको पाइएन । सम्पत्ति र दायित्व अध्यावधिक नहुँदा स्थिति एकिन भएन । | |
| ७. | **लेखाप्रणालीः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८० मा स्थानीय तहले आम्दानी र खर्च लेखा SUTRA प्रयोग गरी गर्नुपर्ने र NPSAS लागु गर्नुपर्ने व्यावस्था छ । पालिकाले SUTRA र NPSAS पूर्ण लागू नगरेका र प्रतिवेदन समेत पर्याप्त नहदा यर्थार्थ विश्लेषण गर्ने अवस्था भएन । | |
| ८. | **तलवी प्रतिवेदनः** निजामति सेवा ऐन, २०४९ को दफा ७ (ख) (२) मा पालिकामा कार्यरत निजामती, शिक्षा, स्वास्थ्य लगायत विषयगत क्षेत्रमा कार्यरत कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गरेर तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यावस्था छ । तलवी प्रतिवेदन पारित नगरी तलव भत्ता खर्च लेखेको पाइएकोले तलवी प्रतिबेदन बमोजिम एकिन गर्न सकिने स्थिति रहेन। | |
| ९. | **जनशक्ति व्यावस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्वीकृत दरबन्दी पदप्ूर्ति गरी कार्य जिम्मेवारी दिनुपर्छ । प्राप्त तलवी भरपाई अनुसार देहायको अवस्था देखियो । परीषदबाट स्थायी अस्थायी करार ज्यालादारी र परामर्श र अन्य सेवाबाट पदपूर्ति भएका दक्ष र क्षमतायुक्त कर्मचारीको परिषद्ले स्वीकृत गर्नुपर्नेमा गरेको पाइएन । दरबन्ृदी स्पष्ट रुपमा स्वीकृत हुनुपर्छ दरवन्दी पुर्तिको अवस्था एकीन नगरी देहायका तलव खर्च लेखेको नियमित देखिएन। | |

| क्र.सं. | जनशक्तिको प्रकार | संख्या | प्रतिशत | तलब |
|---|---|---|---|---|
| १ | पदाधिकारी (निर्वाचित) | ५९ | ४७ | १,५८,४०,०००/- |
| २ | स्थायी पालिका | १७ | १३ | ६८,३१,८७९/- |
| ३ | स्थायी स्वास्थ्य | २९ | २३ | १,१५,१०,९००/- |
| ४ | करार | २१ | १७ | २२,४६,९८३/- |
| | **जम्माः** | **१२६** | **१००** | **३,६४,२९,७६२/-** |

| | | |
|---|---|---|
| १०. | **खरिद योजनाः** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी खरिद गर्दा खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नुपर्ने, र वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । पालिकाले वित्तीय समानीकरणमा रु.११,४०,००,००।- निर्माण खर्च-खरिद कार्य गरेको छ । खरिद योजना र गुरुयोजना बनाई खरिद गर्नुपर्नेमा सो नगरेकोले खरिद योजना बनाई स्वच्छ पारदर्शी, नतिजामुखी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ११. | **उपभोक्ता छनौटः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोडसम्मको लागत अनुमान भएको निर्माण कार्य लाभग्राही समुदायबाट गराउन सक्ने र कामको लागि सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, लाभग्राहीले व्यहोर्ने र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था छ । पालिकाले यो वर्ष लाभग्राहीवाट कार्य गराउँदा सम्झौता अघिका | |

प्रकृया पालना गरेको देखिएन । विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक भएको देखिएन । निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने कार्यमा कानूनको पालना र प्रतिस्पर्धा गरी लाभग्राही छनौट गरिनु पर्दछ ।

१२. **गुणस्तर परिक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भएको बारेमा परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकावाट खरिद भएका ल्यापटप लगायत सवारी साधनको भुक्तानी गर्दा गुणस्तर परीक्षण गरेको पाइएन । सामानको गुणस्तर सुनिश्चित गरी खरिद गरिनुपर्दछ ।

१३. **सेवा करारः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ (१) मा कार्यालय सुरक्षा, चिठीपत्र ओसारपसार, सरसफाई, टेलिफोन, विद्यूत र धाराको संचालन र रेखदेख लगायतमा दैनिक कार्य गर्न अत्यावश्यक पर्ने सेवा करारमा लिनुपर्दा सेवा करार लिनसक्ने व्यवस्था छ । पालिकाले विगत वर्षदेखि २१ जना करार सेवा कर्मचारीका राखी रु.२२,४६,९८३।- खर्च गरेको छ । सूचना विना निरन्तरता दिएको पाइयो । कानून अनुरुप सेवा करार लिदा करार सेवा सोझै खरिद गरेको नियमसम्मत देखिएन ।

१४. **कन्टिजेन्सी अभिलेखः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिजेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णय अनुसार खर्च गर्दा निर्माण र पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य साना तिना ३ प्रतिशत नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । योजनाको ५ प्रतिशत कन्टीन्जेन्सीमा कट्टा गर्ने गरेको देखिएतापनि सोको आयोजनागत अभिलेख खडा गरी राख्नुपर्नेमा, गरेको पाइएन । कन्टिजेन्सी खर्चको अभिलेख पेश हुन आएन । कन्टिजेन्सी खर्च खाता नराखी योजना अनुगमन, गाडी भाडा, मसलन्द, इन्धन तथा कार्यालय सामानमा खर्च गरेको देखियो । आयोजनागत अभिलेख नहुदा सीमा भित्र रहेको र निर्माण खर्च भएको सुनिश्चित हुने आधार भएन । कन्टिजेन्सीको अभिलेख राखी नियन्त्रण गरिनुपर्दछ ।

१५. **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा ढुङ्गा, गिट्टी, बालुवा जस्ता प्राकृतिक स्रोतको करको दर र प्रक्रिया प्रदेश सरकारले निर्धारण गरे बमोजिम सङ्कलन गर्नुपर्ने व्यवस्था छ । गत वर्षको मौज्दात रु.३,५१,५५,६२१।५८ रहेकोमा यो वर्षको आय रु.१,६०,१४,८५०।९८ समेत रु.५,११,७०,३७२।५६ भएकोमा रु.५,०८,९५,२८७।८२ खर्च गरी रु.२,७५,१८५।- मौज्दात बाँकी रहेको छ। यो वर्षको आय रु.१,६०,१४,८५०।-को शीर्षकगत बाँडफाँड पेश नभएकोले भएका पालिका तर्फको यो वर्ष रु. ७५६८०८२.३५ आय गरेकोमा, आय अभिलेख स्पष्ट गरेको पाइएन ।

१५.१. प्राप्त आर्थिक विरण अनुसार यो वर्षको आन्तरिक आय देहाय बमोजिम पेश गरेको छ ।

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | मालपोत राजस्व बाँडफाँड | ८४,४६,७६८/६० |
| २ | आन्तरिक आय | ७५,६८,०८२/३५ |
| | **जम्माः** | **१,६०,१४,८५०/९५** |

१५.२. **आय ठेक्का -** मिति २०७५।६।३० को आय सङ्कलन गर्ने आर्थिक अभियान सूचना आय ठेक्का शिलबन्दी गुजारा र फतुवाविजयपुर नगरपालिकाको क्षेत्रभित्र पर्ने ढुङ्गा, गिट्टी, बालुवा र ग्राभेल सङ्कलन गर्न लालबकैया नदीमा १,१०,००० घनमिटर न्यूनतम कबोल रु.१,५०,००,०००।- मूल्याङ्कन गरी न्यूनतममा ३० दिने सूचना गरेको पाइयो । सो आय ठेक्काको फाइल पेश नभएकोले विश्लेषण गर्न सकिएन । बकैया नदी पटके सवारी कर ठेक्का नभएकोले अमानतमा

| | | |
|---|---|---|
| | सवारी कर उठाउने २०७५।६।८ मा निर्णय गरेको पाइयो । उक्त सवारी करको जिम्मेवार व्यक्ति र उठेको नगदी रसिदको आय पेश हुन आएन । | |
| १५.३. | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६४ १ (च) बमोजिम ढुंगा गिटी बालुवा प्राकृतिक स्रोतको असूल गर्ने व्यवस्था छ। लालबकैया नदिको नदिजन्य पदार्थ फतुवाविजयपुर र गुजरा नगरपालिकाले संयुक्त श्रुपमा ठेक्का लगाई ४०% गुजराले र बाँकि ६०% फतुवाविजयपुर नगरपालिकाले पाउने गरी २०७५।०६।३० मा सूचना गरी ४ निर्माण व्यावसायीले आय संकलन वढावढमा समावेश भई मूल्यांकन हुदाँ जेनिसा निर्माण, गुगल कन्ट्रक्शनलाई टेन्डर स्वीकृत गर्ने २०७५।०९।२० मा सर्वसहमतिले निर्णय गरी सम्झौता निर्णय गरेको पाईयो । सो संयुक्त उपकरण सम्झौता गर्न नआएको भनी २०७५।११।१७ को निर्णयानुसार बोलपत्रदाताको धरौटी तथा बैक ग्यारेन्टी फिर्ता गर्ने निर्णय गरी बोलपत्र स्वत रद्द गरी अमानतमा प्राकृतिक श्रोत उपयोग शुल्ल उठाएको जानकारी हुन आयो । अमानतमा शुल्क उठाउने जिम्मेवार व्यक्ती, नगदी रसिद र उठेको स्पष्ट विवरण वा अभिलेख देखिएन । ठेक्का सम्झौता गर्न बोलाउने, नआए धरौटी वा जमानत फिर्ता गर्ने सर्वसहमती निर्णय गर्ने र पालिकाले अमानतबाट आय संकलन गर्ने, समय गुजार्ने र जमानत फिर्ता गरी बोलपत्र रद्द गर्ने ठेक्का सम्वन्धी सम्पूर्ण कार्यको छानविन गरि राजश्व एकिन गर्नुपर्ने रु. | ७५६८०८२.३५ |
| १५.४. | प्राकृतिक स्रोतको ढुंगा, गिटी, बालुवा संकलन र परिचालन कार्यविधि निर्देशिका २०७५ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षद र वातावरणीय प्रभाव जाँच गर्नुपर्छ। लालबकैया नदिमा ११०००० घनमिटर प्राकृतिक श्रोत नदिजन्य पदार्थको आय ठेक्का गर्दा EIA र IEE गर्नुपर्ने र संकलन गर्नुपर्ने, बातावरण संरक्षणको प्रत्याभुतिको समेत छानविन गर्नुपर्दछ । | |
| १६. | **आन्तरिक नियन्त्रण प्रणाली** : स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम प्रत्येक निकायले आन्तरिक नियन्त्रण व्यवस्था गर्नुपर्दछ ।देहायको कृयाकलापमा आन्तरिक नियन्त्रण नतिजा स्पष्ट हुने अभिलेख राखेको देखिएन । | |

| मानक | आवस्था | सुधार |
|---|---|---|
| आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३४ मा समिक्षा र सुनुवाई | प्रगति समिक्षा र सार्वजानिक सुनुवाई | समिक्षा र सुनुवाइ गर्नुपर्ने |
| आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ यथार्थ र सहि वित्तीय विवरण | वितिय विवरण सहि, यथार्थ र विस्तृत | सहि, यथार्थ र विस्तृत वितीय विवरण |
| स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४५ विद्युतीय लेखा | SUTRA/ NEPSAS | सि ग्यासको उपयोग वढाउने |
| स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ ऋण परिचालन | आन्तरिक ऋण | ऋण परिचालन गरि आय वृद्धि गर्ने |
| सार्वजानिक खरिद ऐन, २०६३ खरिद योजना तयार र पालना | खरिद योजना | प्रकृयाको पुर्ण पालना गरारउने |
| स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७४ योजना हस्तान्तरण | सम्पन्न योजना हस्तान्तरण र मर्मत | हस्तान्तरण र मर्मतको व्यवस्था |
| उ.स. गठन परिचालन कार्यविधि, २०७५ को दफा १२ गुणस्तर र खरिद विधि | सामान खरिद प्रकृया विधि र गुणस्तर | उत्पादन स्थल र उपयोग स्थल अवलोकन र प्रयोगशाला |
| सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ९७(९) उपकरणको उपयोग | भारी उपकरण उपयोग | उपकरण उपयोग हटाउने |

| | | |
|---|---|---|
| सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ११५(१) गुणस्तर | खरिद र निर्माणमा गुणस्तर | गुणस्तर र मुल्यमा निश्चित गर्नुपर्ने |
| सार्वजानिक खरिद नियमावली, २०६४ नापी किताव राख्ने | योजनागत नापिकिताव राख्नुपर्ने | लुज सिटलाई नियन्त्रण सहितको एकिकृत खाता राख्ने |

१७. **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६(२) मा आन्तरिक लेखापरीषण शाखा वा जनशक्ती व्यवस्थापन गरी नियमित आन्तरिक लेखापरीक्षण गर्ने व्यवस्था छ ।पालिकामा आन्तरिक लेखापरिक्षण शाखा गठन, जनशक्ती व्यवस्था र आन्तरिक लेखा परीक्षण कार्यविधि निर्धारण गरि लेखापरिक्षण गरेको पाइएन । नियमित निगरानी गर्ने आलेप शाखा गठन गरी लेखापरीषण नहुनु कमि कमजोरीलाई समयमै सुधार गरी स्पष्ट यथार्थपरक वितीय कारोबारमा प्रभाव पर्दछ । वितीय कारोबारको पूर्णता र स्वच्छताका लागि आन्तरिक लेखापरिक्षणको व्यवस्था हुनु पर्छ ।

१८. **करार सेवा :** सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ९५ (१) मा दैनिक कार्य संचालन गर्न सेवा करारमा लिन सक्ने व्यवस्था छ । पालिकाले यो वर्ष १९ कर्मचारी राखी २२४७००० खर्च गरेको पाईयो । दरवन्दी अनुकुल बाहेकको कार्य एकीन गरी असूल गर्नुपर्दछ।

१९. **प्रमाण पेश**ः आर्थिक कार्यविधि नियमावली, २०६४ को ३६(३) खर्च प्रमाणित गर्ने कागजात राख्नु पर्ने व्यवस्था छ । पालिकाले रु. २२७७८७६३ खर्च राख्दा श्रेस्ता अध्यावधिक नगरि भुक्तानी दिएकाले मध्ये प्रारम्भिक प्रतिवेदन पछि रु. १९३१५९४३ पेश गरी बाँकी खर्चको पुष्ठयाइ गर्ने प्रमाण पेश गर्नुपर्ने रु ३४६२८२०

| सि.न. | कार्यक्रमको नाम | गो.भौ.न. मिति | काम | रकम |
|---|---|---|---|---|
| १ | वडा ११ पूजिगत | ५८।०७६।३।११ | देवनगर सडक मर्मत उस विभिन्न मूल्याकन सिट कार्यसम्पन्न, ल.ई. पेश नभएको | ३०००००० |
| २ | " " " | ४,५।०७६।३।३१ | फर्निचर, दराज, कुर्सी टेवल विद्यालयमा दाखिला नभएको | २५०००० |
| ३ | " " चालु | ६।०७६।३।३१ | सेनेटरी प्याड वितरण भर्पाइ नभएको ९६० | २१२८२० |
| जम्मा | | | | ३४६२८२० |

२० (क) गम्महरिया विधुत जडान र सडक विस्तार मर्यादपुर सितलपुर सडकमा रु. ५० लाख भन्दा बढी भुक्तानी गरेकाले अग्रम कर रु. १२०००० करकट्टी अनुदान भुक्तानी गर्नु पर्नेमा करकट्टा नभएको असूल गर्नुपर्ने रु. १२००००

२०. **योजना पहिचान**ः स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम योजना संचालन गर्नु अघि योजना छनौट गरी पहिचान गरेर बजेट परिचालन गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका गो.भौ.न. मितिबाट योजना स्पष्ट स्थान एकिन नगरी एकमुष्ठ मूल्यांकनको नाममा भुक्तानी दिदा योजना दोहोरो पर्ने र काम एकिन नहुने गरी खर्च गरेको देखिएको रु.

| सि.न. | कार्यक्रमको नाम | गो.भौ.न. मिति | काम | भुक्तानी |
|---|---|---|---|---|
| १ | वडा नं. ७ पुजिगत | १,३ | विभिन्न सडक ढलान उस | १४८०४४९ |
| २ | " " हर्षाह | ५।०७६।३।२७ | विभिन्न सडक ढलान उस | २५००००० |
| ३ | वडा नं. १० | २।०७६।३।२५ | माटोपुरी ग्रेवल | १०००००० |
| | | | | ४९८०४४९ |

४९८०४४९

२१. **पदाधिकारी दैनिक भत्ता**ः प्रदेन नं. २ का स्थानीयतहका पदाधिकारिले पाउने सेवा सुविधा सम्वन्धी ऐन

<table>
<tr><td></td><td>२०७४ मा पदाधिकारीले कार्यक्षेत्र बाहिरको भ्रमणभत्ता पाउने व्यवस्था देखिएन । पालिकाको देहायका पदाधिकारी पालिकाको काम र भ्रमण गर्नुपर्ने अवस्था स्वीकृत भ्रमण आदेश विना धरान, वर्दिवास, जनकपुर, विरगंज, दामन र काठमाण्डौ गउको पदाधिकारिलाई दिएको देनिक भत्ता पाउने नदेखिएकोले असूल गर्नुपर्ने रु
<table>
<tr><th>सि.न.</th><th>पदाधिकारिको नाम</th><th>अवधी</th><th>दिन</th><th>खर्च</th></tr>
<tr><td>१</td><td>नगर प्रमुख गोपाल राय यादव</td><td>०७५।४।६०७६।३।३०</td><td>६७</td><td>१२४८००</td></tr>
<tr><td>२</td><td>नगर उप प्रमुख कान्ती देवी महत्तो</td><td>०७५।४।६०७६।३।१२</td><td>७८</td><td>११५०००</td></tr>
<tr><td>३</td><td>वडाअध्यक्ष ज्ञानेन्द्र चौधरी</td><td></td><td>१३</td><td>२४५००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>२६४३००</td></tr>
</table></td><td>२६४३००</td></tr>
<tr><td>२२.</td><td>चापकटर वितरण : ८।०७६।३।३१ संघीय सरकार कृषि विकास मन्त्रालयको कृषि अनुदान कार्यक्रम मार्गदर्शनमा चाप कटर मेशिन खरिदमा ५०% अनुदान दिनुपर्ने कार्यक्रम निर्देशिकामा व्यवस्था छ । पालिकले ५६ थान चापकटर प्रतिथान रु १०००० का दरले ५६०००० मा खरिद गरेकोले सोको ५० प्रतिशतले हुने २८०००० अनुदान दिनु पर्नेमा रु. ४२५००० दिएबाट नपाउने रु. १४५००० बढि अनुदान दिएकाले सो रकम असूल गरी संचितकोष दाखिला गर्नुपर्ने रु.</td><td>१४५०००</td></tr>
<tr><td>२३.</td><td>मिल्क विश्लेषण सेटः कृषि तथा सहकारी सामाग्री अनुदान निर्देशिका बमोजिम ५०% लागत साझेदारीमा कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था छ । सूर्योदय कृषि सहकारीको लागि मिल्क विश्लेषण सेट १ रु. ४०२००० मा खरिद गरि रु. ४००००० अनुदान दिएको पाइयो । ५०% ले हुने अनुदान रु २००००० दिनुपर्नेमा बढि असूल गर्नुपर्ने रु.</td><td>२०००००</td></tr>
<tr><td>२४.</td><td>२०७६।१।६ सामुदायिक आधारभुत विद्यालयमा कार्यरत शिषक रामनाथ राय (प्रा.शि. राहत) २०७५।१२।१ को निर्णयानुसार सरस्वती प्रा.वि.मा सरुवा भएको पाईयो, निज सरुवा हुनु भन्दा अधि २०७५।४।१ देखि २०७५।११।३० सम्म ८ महिनाको र दशैको तलव सरस्वती प्रा.वि फतुवामा निकासा भएकोले निज सरुवा अधि विद्यालयमा निकासा गरेको असूल गर्नु पर्ने रु.</td><td>२१५५३०</td></tr>
<tr><td>२५.</td><td>वडा नं. १० पुजिगतः २०७६।३।२५ सडक ग्रावेल तथा पक्की ढलान कार्यमा सम्झौता बमोजिम १०.६९% उपभोक्ताको योगदान कट्टा गर्ने गरि सम्झौता गरेको पाइयो । कुमारी टोल र नर्थवार टोलमा सडक ग्रावेल र ढलान कार्यमा रु. ३८११२६९ मूल्यांकन गरेकोमा १०.६९% हुने रु. ४०७४२५ कट्टा गरि रु. ३४०३८४३ अनुदान दिनु पर्नेमा रु. ३५००००० दिएबाट बढी अनुदान दिएको रु. ९६१५७ असूल गर्नुपर्ने रु</td><td>९६१५७</td></tr>
<tr><td>२६.</td><td>जग्गा खरिदः नगर कार्यपालिकाको मिति २०७६।२।१९ को निर्णय बमोजिम जग्गा खरिद गर्न देहायको बजेट बाडफाट गरेको पाइयो । पालिकाले स्वास्थ्य चौकी, विद्यालय, खानेपानी, लक्ष्मीनिया मुसहर सामुहिक आवासकोलागि जग्गा खरिद गर्न देहायको बजेट बाँडफाट गरेको पाइयो । पालिकाले योजनाको लागि जग्गा दानविरबाट लिनु पर्दछ। जग्गा प्राप्ति ऐन, २०१९ बमोजिम समितिको निर्णय गरि मालपोतको मूल्यांकनको आधारमा मुआव्जा दिनेपर्ने व्यवस्था छ । पालिकाले जग्गा एकिन नगरि बजेट खर्च गर्नु उपयूक्त देखिएन । कार्यान्वयनमा पुर्नविचार गर्नुपर्छ ।
<table>
<tr><th>प्रयोजन</th><th>वजेट वाडफाट रु.</th></tr>
<tr><td>स्वास्थ्य चौकी जग्गा खरिद</td><td>३००००००</td></tr>
<tr><td>दलित प्रा.वि गम्हरिया</td><td>१००००००</td></tr>
<tr><td>खानेपानी योजना वडा नं. १</td><td>१५०००००</td></tr>
<tr><td>खानेपानी योजना वडा नं. ७</td><td>५०००००</td></tr>
<tr><td>सामुदायिक भवन लक्ष्मिनिया मुसहर ८</td><td>९५००००</td></tr>
<tr><td>जम्मा</td><td>६९५००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२७.</td><td>बढी भुक्तानीः २३।०७६।३।१७ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) खर्च प्रमाणित गर्ने अभिलेख राख्नुपर्ने व्यवस्था छ । अधुरो सडक पक्कीकरण कार्यको रु. २८१२४४० मुल्यांकन गरी रु. २९७१२९ योगदान कट्टा गरि रु. २५२२००० भुक्तानी गर्ने निर्णय भएकोमा रु. २५९३३११</td><td>७१३११</td></tr>
</table>

| | | |
|---|---|---|
| | भुक्तानी दिएकोले वढी असूल गर्नुपर्ने रु. | |
| २८. | **बहुक्षेत्रिय पोषणः** ना.सु. मुकेश साहको नाममा रु. २९७८००० पेश्की लिई देहायको कार्यक्रम गरेको पाइयो । कार्यक्रमको प्रगति तालिका र खर्च यस प्रकार छ । | |

| सि.न. | खर्च शिर्षक काम | भत्ता | अन्य | जम्मा |
|---|---|---|---|---|
| १ | स्वास्थ्य सुरक्षाको बैठक र अभसमुखिकरण | ४७५०० | २२५१० | |
| २ | पोषण कार्यक्रम | ४५००० | २७७५० | |
| ३ | टिशर्ट वितरण | ० | १२९९५० | १२९९५० |
| ४ | पोषण सुनौलो हजार दिन | ५८५०० | ४१५०० | |
| ५ | पोषण कार्यक्रम | ४२००० | ९२२५ | |
| ६ | सरसफाइ सामान खरिद | ० | १३०८०० | |
| ७ | भिजकलाई पोषण तालिम | ५८५०० | २०२०० | |
| ८ | महिला भिजिकालाई तालिम र सेनेटरी | ६६५०० | ४२०२० | |
| ९ | पोषण कर्नर | ० | २४००१२ | |
| १० | चल्ला वितरण | ० | २१३१५० | |
| ११ | अण्डा घ्यू वितरण | १८००० | ३३२७५० | |
| १२ | करेसावारी निर्माण | ७५५०० | २९५१० | |
| १३ | कार्यक्रम अनुगमन | १०८००० | ४५६५५ | |
| १४ | खाध्यको नियमित बैठक | ९९००० | ५१००५ | |
| १५ | करेसावारी निर्माण | ० | ४५०००० | |
| १६ | सडक नाटक | ० | २००००० | |
| १७ | बोका वितरण | ० | १२०००० | |
| १८ | सुक्ष्म पोशक अभिमुखिकरण | २०००० | ५२००० | |
| | जम्मा | | | |

| | | |
|---|---|---|
| २९. | **वितरणमुखी खर्चः** स्थनीय सरकार संचालन ऐन, २०७४ बमोजिम बजेट वनाउदा प्राथमिकताको आधारमा बजेट विनियोजन गर्नुपर्ने व्यवस्था छ । पालिकाको पुजा खर्च लगायत वितरणमुखी कार्यमा खर्च गरेको नियमित नदेखिएको रु. | १५६५०१७ |

| कार्यक्रमको नाम | भौ.न. मिति | काम | रकम |
|---|---|---|---|
| - | ६।०७६।२।२४ | ११४ हवाइट बोड वितरण | ४९५९५६ |
| नपा चालू | ३३।०७५।११।२ | मायाको चिनो | ७००६० |
| " " | ६७।०७६।२।९ | बर्तालुलाई साडी वितरण | ४००००० |
| " " | ६८।०७६।२।९ | उपमियर संग असहाय | ३००००० |
| " " | १५५।०७६।३।३१ | जेष्ठ सम्मान (८० धोति, कुर्ता, गम्छा, साडी र वलाउज ११४) | २९९००० |
| जम्मा रकम | | | १५६५०१७ |

| | | |
|---|---|---|
| ३०. | **गौससबाट काम :** सार्वजानिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्वन्धी तालिम अभिमुखिकरण, सवलिकरण, मुलप्रावाहिकरण जस्ता कार्य गरी गैर सरकारी संस्थाबाट गराउदा छिटो, छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा गैर सरकारी संस्थाबाट सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ । कामको प्रकृति, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ती, कार्य संचालन विधि सहितको कार्य क्षेत्रगत शर्त र | |

लाग्ने मोटामोटी अनुमान तयार गर्नुपर्ने, मौजुदा सुचिमा समावेश भएका संस्थालाई सुचना प्रकाशन गरि प्रस्ताव माग गर्नुपर्ने  कार्य क्षेत्रगत शर्त पूरा गरी न्युनतम प्रस्ताव गर्ने संग सम्झौता गरेर कार्य आदेश दिनुपर्ने व्यवस्था छ कानूनको व्यवस्था पालना नगरी देहायमा रु. १४१४३८६० खर्च गरेको छ । विधि प्रकृयाको पालना गरी स्वच्छता कायम गर्नुपर्दछ ।

| सि.न. | भौ.न. मिति | संस्था | काम | रकम |
|---|---|---|---|---|
| १ | ५९।०७६।१।२९ | मिर्मिरे विहानी | प्याड वितरण | ४००००० |
| २ | १२५।०७६।३।२१ | मिर्मिरे विहानी | प्याड वितरण | १००००० |
| ३ | ८२।०७६।२।३२ | परिवर्तनको लागि युवा | खेलकुद | ३००००० |
| ४ | ९०।०७६।३।६ | न्यूयरा इन्जिनियरिङ्ग | परामर्श | १५०००० |
| ५ | ९८.।०७६।३।१९ | जगयमया सिकाइ केन्द्र | जनचेतना | २००००० |
| ६ | १३४।०७६।३।३१ | दलित अधिकार मंच | जनचेतना | १९६१२० |
| ७ | १३५ ।०७६।३।३१ | दलित एकिकृत नेपाल | बेटी पठाउ वचाउ | २००००० |
| ८ | १३६ ।०७६।३।३१ | समावेसी विकास | क्षमता विकास | २९९४९० |
| ९ | १७० ।०७६।३।३१ | मानव अधिकार केन्द्र | महिला अधिकार | ९८२५० |
| १० | ५५।०७६।१।२३ | तराई मधेश सहिद स्मृति प्रतिष्ठान | ग्यास वितरण | ६०००००० |
| ११ | ६५।०७६।२।९ | तराई मधेश सहिद स्मृति प्रतिष्ठान | ग्यास वितरण | ५०००००० |
| १२ | १५२।०७६।२।३१ | तराई मधेश सहिद स्मृति प्रतिष्ठान | ग्यास वितरण | १२००००० |
| | जम्मा | | | १४१४३८६० |

तराई मधेश सहिद स्मृति प्रतिष्ठान राजनैतिक संस्था हुदाँ धुवा मुक्त चुलो अनियमितता विज्ञता समेत नभएको र खरिद प्रकृया पुरा नगरी प्रतिष्पर्धी र पारदर्शी उत्तरदायी हिसावले खर्च गरेको ऐकिन हुने अवस्था देखिएन ।

३१. **कर**: आर्थिक ऐन, २०७४ बमोजिम ५० लाख भन्दा माथिको उपभोक्ता समिति लगायत गैरसरकारी संस्थाबाट काम लगाउदा १.५% करकट्टा गर्नुपर्ने व्यवस्था छ । तराई मधेश सहित स्मृति प्रतिष्ठान मुअकरमा दर्ता सम्झौता बमोजिम काम गर्दा १५% करकट्टा गर्नुपर्नेमा गरेको नपाइएको रु. १८३०००

३२. **सुविधा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८८ मा स्थानीय सेवाको कर्मचारीलाई प्रदेश सरकारले तोके बमोजिम सुविधा हुने व्यवस्था छ । पालिकाका कर्मचारी र पदाधिकारीलाई प्रदेश सरकारले नतोकेको थप सुविधा खर्च लेखेको पाइयो । पालिके आफ्नो स्वआर्जनको परिधि भित्ररहि खर्च गर्नुपर्नेमा स्वआर्जनको दायरा कायम नगरी सुविधाको निर्णय गरी खर्च गरेको देखिएको रु. १६४०४८५

| भौ.न. मिति | कर्मचारी /पदाधिकारी विषय | संख्या | रकम |
|---|---|---|---|
| ४४।०७६।१।१।३ | कर्मचारी परिषद प्रोत्साहन | ५ | २४५१४० |
| ५८।०७६।१।२९ | ३ महिना प्रोत्साहन ले.अ. | १ | ९०००० |
| १६९।०७६।३।३१ | कर्मचारी प्रोत्साहन २५% ३ महिना | १५ | ३२८५४५ |

| | | | | |
|---|---|---|---|---|
| - | नगरप्रमुख ३६००, उपप्रमुख ३०००, वडाअध्यक्ष का.पा.स २२००, बार्षिक इन्धन सुविधा ८८८० लि. पेट्रोल आफैले निर्णय गरी सुविधा लिउको देखिन्छ ।प्रतिलिटर रु. ११० ले हुने रु. ९७६८०० आफैले निर्णय गरी खर्च लेखेको उचित होइन | | ९७६८०० | |
| | वडा संचालन खर्च २६४०००० | | | |
| | करारको खर्च २१ जना २२६९६८० | | | |
| जम्मा | | | १६४०४८५ | |

| | | |
|---|---|---|
| ३३. | **अनुदान वढी खर्चः** संघीय सरकार कृषि विकास मन्त्रालयको कृषि अनुदान वितरण निर्देशिकामा कृषि सामाग्री वितरण अनुदानको मार्गदर्शन बमोजिम ५०% लागत साझेदारीमा खरिद गरी वितरण गर्नुपर्ने प्रावधान छ । पालिकाले यूनिक इन्टरप्राइजेजबाट स्प्रे टंकी खरिद गरी ४७२ संख्या वितरण गरेकोमा किशानबाट टंकीको ७०० को दरले योगदान उठाएको दाखिला गरेको नपाइएको रु. | ३३०४०० |
| ३४. | **पाइप र मोटर खरिद रद्दः** २५०।०७६।३।३१ किसानसंग वडाअध्यक्ष वडा नं. १ पाइप र मोटर खरिद गरेको पाईयो ।भौचरसाथ विल भरपाई नराखी रु. २४२५००० चेक फिर्ता गरेको पाइयो । यस सम्वन्धमा व्यहोरा पारदर्शी गर्न छानविन गर्नुपर्छ । | |
| ३५. | **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८० मा सरकारी कामकाजको निमित्त एक आर्थिक वर्षमा गएको पेश्की सोहि वर्षमा फर्छयोट हुन बाँकी पेश्की नाम नामेशी सहित प्रयोजन खुलाई जिम्मेवारी अर्को आर्थिक वर्षमा सारि प्रमाणित गर्नुपर्ने र कानून बमोजिम फर्छयोट गर्नुपर्ने व्यवस्था छ । देहायको रु ५८३०३२३६ पेश्की जिम्मेवारी सारी फर्छयोट गर्नुपर्ने देखिएको रु. | ४४९००९३६ |

| पेश्की लिनेको पद र नाम | प्रयोजन | रकम |
|---|---|---|
| खरिदार विल्टु राय यदव | सा.सु | ७५०४००० |
| नासु उमेश कुमार सोनी | सा.सु | १०२९२००० |
| खरिदार हिरालाल महत्तो | सा.सु | १११७४००० |
| नासु उपेन्द्र प्र. साह | सा.सु | ७३८२४०० |
| खरिदार हरेन्द्र प्र. यादव | सा.सु | १६०४००० |
| खरिदार अरविन्द राय यादव | सा.सु | १०५५६०० |
| खरिदार विजय पटेल | सा.सु | २५३४८०० |
| खरिदार विष्णु अधिकारी | सा.सु | १२०२४०० |
| खरिदार विल्टु राय यदव | विपद व्यवस्थापन | ८६०००० |
| शिक्षा संयोजक वुनिलाल प्र. यादव | करार सेवा शुल्क | ६०००० |
| प्रा.वि शिषक सुवोध प्र. यादव | नगरस्तरिय परिक्षा संचालन | ६१००० |
| शिक्षा संयोजक वुनिलाल प्र. यादव | नगरस्तरिय परिक्षा संचालन | ४३९९१० |
| प्रा.वि शिषक सुवोध प्र. यादव | दै.भ. खर्च | ९२०० |
| शिक्षा संयोजक वुनिलाल प्र. यादव | दै.भ. खर्च | ११६०० |
| शिक्षा संयोजक वुनिलाल प्र. यादव | विविध कार्यक्रम | १५०००० |
| संस्था वंशीराम जयसवाल अनाथालय रौतहट | अन्य सहायता | २००००० |
| विद्यालय नि.मा.वि. लक्ष्मिनिया | शिक्षक र वालविकास तलव | १५५०२६ |
| प्रा.वि शिषक सुवोध प्र. यादव | कार्यक्रम खर्च | २०५००० |
| जम्मा | | ४४९००९३६ |

| | | |
|---|---|---|
| ३६. | सम्परीक्षण तथा अनुगमनः आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३६ अनुसार लेखा परीक्ष०बाट कायम भएका बेरुजु प्रमाण पेश गरी वा नियमित गरी फर्छ्योट गर्नुपर्ने दायित्व कार्यालय प्रमुख हुने व्यवस्था छ । पालिकाको रु.३९७३६००० बेरुजु रहेकोमा लेखा परीक्षणको क्रममा समपरिक्षणका लागि लेखि नआएकोले समपरिक्षण हुन सकेन | |
| ३७. | संचित कोष तथा वेरुजुको स्थितिः पालिकाको संचित कोषको विवरण (विनियोजन, राजस्व, धरौटी तथा अनय कारोबार) वेरुजु वर्गिकरण र अद्यावधिक वेरुजुको स्थिति क्रमश अनुसुची १, अनुसुची २ र अनुसुची ३ मा समावेश गरिएको छ । | |

## स्थानीय संचित कोषको विवरण २०७५/७६

(रु. हजारमा)

अनुसुची १

| सिन | प्रदेश | स्थानीय तह | जिल्ला | लेखापरीक्षण रकम | बेरुजू रकम | प्रतिशत | गतवर्षको जिम्मेवारी | आय | | | | | व्याय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संघ तथा प्रदेश अनुदान | राजस्व वाँडफाँट रकम | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूंजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | प्रदेश नं २ | फतुवा बिजयपुर नगरपालिका | रौतहट | ७९६९६३ | ६५६८१ | ८.२४ | ३५१५६ | २२६६८१ | ६३९१३ | १६०१४ | ७७३२७ | ३८३९३५ | २२८९१८ | १०९७०४ | ७४४०६ | ४१३०२८ | ६०६३ |

## वेरुजु वर्गिकरण २०७५/७६

(रु. हजारमा)

अनुसुची २

| सिन | प्रदेश | स्थानीय तह | जिल्ला | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | प्रदेश नं २ | फतुवा बिजयपुर नगरपालिका | रौतहट | २५ | १७ | ९९८५३ | ० | ३ | ३४१७२ | २५ | १४ | ६५६८१ | १५५५ | १५६५ | १७६६० | ० | ० | १९२२५ | ४४५४६ | ३५५ | ४४९०१ |

## अद्यावधिक वेरुजुको स्थिति २०७५/७६

(रु. हजारमा)

अनुसुची ३

| सिन | प्रदेश | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको वाँकी वेरुजु | समायोजन | गत बर्ष सम्मको यथार्थ वेरुझु | सं प को लागि अनुरोध भइ आएको रकम | संपरीक्षण भएको रकम | संपरीक्षण गर्न नमिलेको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षसम्मको वाँकी रकम | यो वर्षको थप रकम | ५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु | ५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश नं २ | फतुवा बिजयपुर नगरपालिका | रौतहट | ३९७३६ | ० | ३९७३६ | ० | ० | ० | ० | ३९७३६ | ६५६८१ | १०५४१७ | ४४९०१ |